# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, साउन ४ गते २०६१ साल (संख्या १४


## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६० को दफा २० ले दिएको अधिकार प्रयोग गरी समाजकल्याण परिषद्‌सँग आबद्ध धुलिखेल अस्पतालका लागि दातृसंस्था Nepalimed Luxembourg बाट उपहारस्वरूप प्राप्त हुने युरो १०,०००।- मूल्य बराबरको औषधी तथा चिकित्सासम्बन्धी उपकरण-हरू आयात गर्दा १ प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ।

### सूचना २

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६० को दफा २० ले दिएको अधिकार प्रयोग गरी रोटरी क्लब अफ काठमाण्डपलाई Wheelchair Foundation, California, USA बाट सहयोगस्वरूप प्राप्त हुने अमेरिकी डलर २१,०००।- मूल्य बराबरको २८० थान ह्विल चियरहरू आयात गर्दा १ प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## नेपाल अधिराज्यका

## महालेखा परीक्षकको विभागको सूचना

महालेखा परीक्षकले श्री ५ को सरकारको स्वीकृतिमा महालेखा परीक्षकको विभागका कर्मचारीहरूसम्बन्धी नियमावली, २०५० बमोजिम लेखापरीक्षण सेवा, राजपत्राङ्कित द्वितीय श्रेणीका निर्देशकद्वय श्री देवबहादुर बोहरा र श्री सोमराज पोखरेललाई राजपत्राङ्कित प्रथम श्रेणीको नायब महालेखा परीक्षक र राजपत्राङ्कित तृतीय श्रेणीका लेखापरीक्षण अधिकारीद्वय श्री जीवनप्रसाद सुवेदी र श्री उद्धवप्रसाद सापकोटालाई राजपत्राङ्कित द्वितीय श्रेणीको निर्देशक पदमा २०६१ साल आषाढ ८ गतेदेखि जेष्ठता कायम हुने गरी बढुवा नियुक्ति गरी यस विभागमा पदस्थापन गरेको छ ।

आज्ञाले,

प्रचन्द्रलाल झा

उपमहालेखा परीक्षक



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।